प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
भैरहवा, रुपन्देही

श्री सु.प्र.शाखा सुचनाटाँस तथा वेवसाईटमा समेत हाल्ने
२०७८/१०/१२

## प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/१०/१२

कृषि ज्ञान केन्द्र, रुपन्देहीको चालु आ.ब. ०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ बमोजि तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/फर्म/कम्पनी/कृषि उद्यमी/कृषक समूह/सहकारी/ उपभोक्ता समितिले आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/१०/२६ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीक लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| सूचना नं. | कार्यक्रमहरूको नाम/ लक्ष्य | बजेट रु. लाखमा | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| ०७८/७९-०१ | सिंचाई सहित कृषि विकास कार्यक्रम (संख्या -३०) | ७५ | नविनतम सिंचाई, सोलार सिंचाई, थोपा सिंचाई, पम्पसेट, बोरिङ्ग, मोटर, पाईप, ड्रिप, जस्ता प्रविधिका लागि सामाग्री खरिद तथा कुलो, साना नहर, स्यालो ट्यूवेल निर्माण तथा मर्मतका लागि सिमेन्ट, बालुवा, रड, निर्माण खर्च । | - खाद्यान्न / दलहन / तेलहनका लागि १ हे.<br>- तरकारी खेती वा फलफुल लागि ०.५ हे. क्षेत्रफलमा साना सिंचाई पुर्वाधार निर्माण गरी व्यवसायिक खेती गर्नु पर्ने । सिंचाई प्रविधि बाहेकमा उत्पादन कार्यको लगानी कृषक स्वयमले गर्नुपर्ने। | प्रति आयोजना बढिमा २.५ लाख वा कुलो नहर, पोखरी जस्ता सामुदायिक प्रयोजनमा आउने पुर्वाधार निर्माणमा अधिकतम ८५ प्रतिशत र अन्यको हकमा ५० प्रतिशत अनुदान । |
| ०७८/७९-०२ | कोभिड बिशेष मागमा आधारित कृषि विकास कार्यक्रम (पटक -१) | ४० | कृषकको माग बमोजिम उत्पादन, प्रशोधन तथा बजारीकरणका आवश्यक क्रियाकलापहरु | - बाली बस्तुहरुको हकमा कम्तीमा ३ कठ्ठामा बाली वस्तु उत्पादन योजना भएको हुनु पर्ने।<br>- मौरी र च्याउको हकमा कम्तीमा ६ वटा गोला सहितको मौरी घार र च्याउ न्यूनतम ४० पोका च्याउ बीउ प्रयोग गरी उत्पादन गर्नु पर्ने। | कुल लागतमा ५० प्रतिशत वा अधिकतम रु. ५० हजारमा जुन कम हुन आउछ। |
| ०७८/७९-०३ | मसिना तथा वास्नादार धान प्रवर्द्धन कार्यक्रम(हे.-१००) | ५० | -बीउ ढुवानी सहित बिषादी, सुक्ष्म खाद्य तत्व, साना यन्त्र उपकरण | - सामूहिक रुपमा कम्तीमा ५ हे. र एकल रुपमा कम्तीमा १ हे. मा धान खेती गरेको हुनुपर्ने ।<br>-मसिना बास्नादार वावास्नादार धान खेती गरेको हुनुपर्ने । | -बीउमा ७५ प्रतिशत अनुदान<br>-उत्पादन सामाग्री तथा साना यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान<br>- प्रति हे. अधिकतम रु. ५० हजार अनुदान । |
| ०७८/७९-०४ | साना कृषि मेसिनरी औजार उपकरण वितरण (पटक-१) | २० | साना कृषि मेसिनरी औजार उपकरणहरु वितरण गर्ने । | साना कृषि मेसिनरी औजार उपकरण अन्तर्गत रु. ५० हजार देखि २ लाख मूल्य बराबरको कृषि औजार उपकरणहरु पर्ने । | -साना कृषि मेसिनरी औजार उपकरणहरुमा ५० प्रतिशत वा बढीमा रु.१ लाख सम्म अनुदान दिन सकिने । |

सन्देश घिताल
प्रमुख

दर्ता नं. १८५०
२०७८/१०/१२
अनिल कुमार कान बनिया

फोन नं. ०७१-५९०१३०, ५९०१३१, Email : akcrupandehi@gmail.com, website: rupandehi.akc.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा, रुपन्देही

| सूचना नं. | कार्यक्रमहरूको नाम/ लक्ष्य | बजेट रु लाखमा | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सी |
|---|---|---|---|---|---|
| ०७८/७९-०५ | धानमिलहरुसँगको सहकार्यमा मसिना तथा बासनादार धान प्रवर्द्धन कार्यक्रम (पटक -१) | २० | मसिना तथा बासनादार धानको जात, उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग, ब्रान्डिङ्ग तथा लेवलिङ्ग, विक्री कक्ष निर्माण तथा सुदृढीकरण सम्बन्धि कियाकलापहरु, सिंचाई व्यवस्थापन, साथै मेसिनरी तथा औजार उपकरणहरु खरिद । | - बार्षिक न्यूनतम १५० मे.टन मसिना धान प्रशोधन सम्झौता गर्नुपर्ने।<br>- मिलले कम्तीमा ५० हे. मसिना तथा बासनादार धान उत्पादन गर्न कृषकसँग सम्झौता गरेको हुनुपर्ने। सहकार्य गर्नु पर्ने लगायतका स्वीकृत कार्यविधि अनुसारका मापदण्डहरु। | -प्रविधि प्रदर्शन विस्तारमा १०० अनुदान ( कुल अधिकत्तम ३० प्रति<br>-उत्पादन सामाग्री प्रतिशत अनुदान लागतको न्यूनत प्रतिशत)<br>-प्याकेजिङ्ग, ह ब्रान्डिङ्ग र बजा कुल लागतको ३ २० प्रतिशत<br>-अनुदान सिमा रु. प्रति मिल वा आयो |
| ०७८/७९-०६ | सेमी हाइटेक नर्सरी पूर्वाधार निर्माण तथा व्यवस्थापन सहयोग कार्यक्रम (पटक-१) | १५ | -नर्सरी संरचना निर्माणका लागि धातुका फ्रेम तार प्लाष्टिक सहित आवश्यक सामाग्री खरिद तथा निर्माण ।<br>- नर्सरीका सहायक प्रणालीहरु फोगर, फ्यान र कुलिङ्ग प्याड प्रणाली स्प्रीङ्कल, ड्रीप, स्क्रीन नेट, रोलअप, मल्चिङ्ग पोलिव्याग आदि ।<br>-नर्सरीमा आवश्यक शुरुवाती माउबोट तथा गुणस्तरीय बीउमा सहयोग । | -फलफूल/तरकारी/पुष्प/ आदीको गुणस्तरीय विरुवा उत्पादन तथा वितरण गर्नुपर्ने ।<br>- सिजनल तथा बार्षिक नर्सरी विरुवा उत्पादन तथा बिक्री योजना पेश गर्नुपर्ने ।<br>- वातानुकुलित सामाग्रीहरुको प्रयोग भएको हुनुपर्ने । | कूल लागतको ३ ७५ प्रतिशत वा ब १५ लाखमा जुन आउछ सो रकम उपलब्ध गराउने । |
| ०७८/७९-०७ | बगर खेती प्रवर्द्धन कार्यक्रम (संख्या-२०) | २० | बगर खेतीमा लगाईने बालीको उत्पादन, संकलन, प्रशोधन तथा बजारिकरणका आवश्यक क्रियाकलाप/ सामाग्री तथा उपकरणहरु खरिद । | -सामुहिक वा एकल रुपमा तराईमा ०.५ हे. मा खेती गर्नुपर्ने । | कुल लागतमा ५० वा अधिकतम रकम लाख मध्ये जुन कम आउछ। |
| ०७८/७९-०८ | वीउ आत्मनिर्भर कार्यक्रम (खाद्यान्न/दलहन/तेलहन) (हेक्टर-३३) | १६.५ | उत्पादन सामाग्री: श्रोत वीउ, प्याकेजिङ्ग सामाग्री, वीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरु खरिद । | न्यूनतम क्षेत्रफल<br>- खाद्यान्न वाली वीउ : १५० कठ्ठा<br>- दलहन/तेलहन : ६० कठ्ठा | प्रति हेक्टर अधिकत अनुदान रकम रु. ५ हजार । |
| ०७८/७९-०९ | सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम (संख्या -२) | १० | वाली उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने सामाग्रीहरु । | सिंचित क्षेत्रमा बसन्ते मौसमका मकै वा चैते धान वा तरकारी वा स्थान विशेष महत्वका वाली उत्पादन गर्दा एकल वा सामुहिक रुपमा एकै कलष्टरमा हुने गरी न्यूनतम १ हेक्टर क्षेत्रफलमा संचालन गर्नुपर्ने । | कुल लागतमा ५० वा प्रति हे. अधिकत रु. १ लाख मध्ये हुन आउछ। |



अनिल कमार कान बनिया

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
भैरहवा, रुपन्देही

| सूचना नं. | कार्यक्रमहरूको नाम/ लक्ष्य | बजेट (रु. लाखमा) | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| ०७८/७९-१० | मेवा प्रबर्द्धन कार्यक्रम (हे.-२०) | १० | बीउ, विषादी, सुक्ष्म खाद्य तत्व, साना यन्त्र, उपकरणहरु । | सामूहिक वा एकल रुपमा कम्तीमा न्यूनतम १ हे. मा मेवा खेती गर्नुपर्ने । | -बीउमा ७५ प्रतिशत अनुदान<br>-उत्पादन सामाग्री तथा साना यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान<br>- प्रति हेक्टर अधिकतम रु. ५० हजार अनुदान |
| ०७८/७९-११ | तरकारी, पुष्प तथा फलफुल नर्सरी स्थापना/ सुदृढीकरण कार्यक्रम (संख्या -३) | ९ | - नर्सरी व्यवस्थापनका लागि माउ बोट, रुटस्टक, सायन, वीउ तथा वेर्ना खरिद, प्रांगारिक मल, पिटमस, कोकोपिट, स्फ्याङ्नम मस, विषादी खरिद ।<br>- पम्पसेट, मोटर, पाईप, सिंचाई पुर्वाधार लगायतका कार्य ।<br>- नर्सरी सेड/नेट, स्क्रीन हाउस लगायत औजार/उपकरण आदि खरिद/निर्माण । | -जग्गा लिजमा भए कम्तीमा ५ वर्ष करार सम्झौता हुनुपर्ने।<br>तरकारी/पुष्प नर्सरी/ विरुवा उत्पादनका लागि न्यूनतम क्षेत्रफल : १ कठ्ठा ।<br>- फलफुल नर्सरी/ विरुवा (माउबोट बाहेक) उत्पादनका लागि न्यूनतम क्षेत्रफल : २ कठ्ठा भएको हुनुपर्ने । | कुल लागतमा ५० प्रतिशत वा. अधिकतम रकम रु. ३ लाख मध्ये जुन कम हुन आउँछ। |
| ०७८/७९-१२ | च्याउ उत्पादन,प्रशोधन, ढुवानी र बजारीकरण प्रबर्द्धन कार्यक्रम (संख्या-१) | ५ | उत्पादन, प्रशोधन तथा बजारीकरणका आवश्यक क्रियाकलाप, सामाग्री एवं उपकरणहरु खरिद । | सामुहिक वा एकल रुपमा कम्तीमा १०० के.जी च्याउको विउ प्रयोग भएको हुनुपर्ने। | कुल लागतमा ५० प्रतिशत वा अधिकतम रकम रु. १ लाख प्रति १०० के.जी विउ प्रयोग मध्ये जुन कम हुन आउछ। |
| ०७८/७९-१३ | रैथाने बालीहरुको प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम (पटक-२) | ३ | बाली तथा वस्तु अनुसार उत्पादन, प्रशोधन तथा बजारीकरणका आवश्यक क्रियाकलाप, सामाग्री एवम् उपकरणहरु खरिद । | सामुहिक वा एकल रुपमा तराईमा १ हे. मा खेती गर्नुपर्ने । | कुल लागतमा ५० प्रतिशत वा अधिकतम रकम रु. १ लाख मध्ये जुन कम हुन आउछ। |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. प्रस्तावकको निवेदन ।
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षमा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (समूह, सहकारी र समितीको हकमा) ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्वर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छुनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रम प्रकृति अनुसार) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माँग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र ।
११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी ।

**पुनश्च :** कार्यक्रम संचालन सम्बन्धमा थप जानकारी र आवश्यक ढाँचाहरुको लागि यस कार्यालयको वेभसाईट rupandehi.akc.gov.np हेर्नुहुन वा सूचना अधिकारीः अनिल बनिया (९८५७०५२९२९)लाई सम्पर्क गर्न वा कार्यालयको टेलिफोन नं. ०७१-५९०१३० र ५९०१३१ मा सम्पर्क गर्न सकिने छ ।

११३।१

२०७८।१०।१२
सन्देश धितील
प्रमुख



सन्देश धिताल
प्रमुख

अनिल कुमार कानु बनिया
कृषि प्रसार अधिकत